# कनकाई नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

जामुनबारी ,झापा
कोशी प्रदेश, नेपाल

कनकाई नगरपालिका नगर कार्यपालिकाको कार्यालय जामुनबारी, झापा कोशी प्रदेश, नेपाल

## सुक्खा राहत स्यालो ट्यूववेल सिँचाइ विशेष कार्यक्रम माग गर्ने सम्बन्धी सूचना

मिति: २०८१।०९।०३

कोशी प्रदेश सरकार, खानेपानी, सिँचाइ तथा ऊर्जा मन्त्रालय, भूमिगत जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालय विराटनगरको मिति २०८१।०८।२१ गते प्रकाशित सूचना अनुसार उक्त कार्यालयको चालु आ.व. २०८१।०८२ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार झापा जिल्लामा समेत स्यालो ट्यूववेल सम्भाव्य क्षेत्रहरुका कृषियोग्य जमिनमा बसोबास गर्ने आर्थिक रुपमा विपन्न तथा साना किसानहरु लक्षित, सिँचाइ सेवाबाट वञ्चित र सुक्खा ग्रस्त क्षेहरुमा स्यालो ट्युववेल सिँचाइ विशेष कार्यक्रम सञ्चालन हुने भएकाले माथि उल्लेखित क्षेत्रका इच्छुक कृषकहरुले तदर्थ जल उपभोक्ता समितिको गठन गरी वा नियमानुसार दर्ता भएका उपभोक्ता संस्थाहरुले कनकाई नगरपापलिकाको कार्यालयमा मिति २०८१।०९।०९ गते सम्म कार्यालय समय भित्र तपशिलमा उल्लिखित कागजातहरु सहित निवेदन पेश गर्नहुन कृषक महानुभावहरुको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

**<u>संलग्न गर्नुपर्ने कागजातहरुः-</u>**

१) सिँचाइ गर्ने क्षेत्रको अनुसूची - २ वा अनुसूची -३ र अनुसूची -४ अनुसारको लागत फारम
२) स्थानीय कृषकहरुको आम भेला बसि उपभोक्ता तदर्थ समिति गठन गरेको निर्णय प्रतिलिपि
३) उपभोक्ता समितिको स्यालो ट्यूववेल सिँचाइ आयोजना माग गर्ने निर्णय प्रतिलिपि,
४) सम्बन्धित वडा र स्थानीय तहको सिफारिस
५) जग्गाधनी पुर्जाको प्रतिलिपि वा तिरो तिरेको रसिदको प्रतिलिपि
६) कित्ता नं. खुल्ने नापी नक्सा

क्षेत्रनाथ शर्मा
लेखा अधिकृत